# नेपाल इन्जिनियर्स एशोसिएसन

## क्षेत्रीय केन्द्र/केन्द्र संचालन संवन्धि नियमावली - २०६४

(मिति २०६४ फाल्गुन ४ गतेको कार्यकारिणी परिषद बैठकद्वारा पारित)

# नेपाल इन्जिनियर्स एशोसिएसन

## <u>क्षेत्रीय केन्द/केन्द्र संचालन संवन्धि नियमावली - २०६४</u>

### १. प्रस्तावनाः

नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान (तेस्रो संशोधन-२०५१) को दफा १३ को (१) (ग) र २ (ग) ले प्रदान गरेको अधिकार अनुरुप देश भित्र र वाहिर खोलिने वा खोलिएको क्षेत्रीय केन्द्र तथा केन्द्रहरुको संचालन सरल एवं सुनिश्चित गर्नको निमित्त यो नियमावली स्विकृत भएको मिति देखि लागू हुने गरि तयार गरिएको छ ।

नेपाल इन्जिनियर्स एशोसिएसनको विधानमा क्षेत्रीय केन्द्र र केन्द्रको व्यवस्था अनुसार परिचालन हुने गरी व्यवस्था मिलाईने छ ।

### २. उद्देश्यः

क. नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान (तेस्रो संसोधन-२०५१) ले दिएको अधिकार अनुरुप क्षेत्रीय केन्द्र/केन्द्र खोल्न र सो को संचालन सुचारु रुपले गर्नु यो नियामावलीको मुल उद्देश्य हो ।

ख. नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान (तेस्रो संसोधन-२०५१) को दफा १ को ३ (क), (ख) र (घ) संग सम्वन्धित उद्देश्यहरु ।

### ३. परिभाषाः

क. **एशोसिएसन वा संस्था** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनलाई जनाउने छ ।

ख. **विधान** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको विधानलाई जनाउने छ ।

ग. **क्षेत्र** भन्नाले क्षेत्रीय केन्द्रको गठन गर्दा तोकीएको क्षेत्रलाई जनाउनेछ ।

घ. **कार्यकारिणी समिति वा समिति** भन्नाले क्षेत्रीय केन्द्र/केन्द्रको कार्यकारिणी समितिलाई जनाउने छ ।

ङ. **केन्द्र** भन्नाले सम्वन्धित क्षेत्रीय केन्द्र संग आवद्ध वा सोझै परिषद मातहत रहने केन्द्रहरुलाई जनाउनेछ ।

च. **सदस्य** भन्नाले संवन्धित क्षेत्रीय केन्द्र/केन्द्रसंग आवद्ध सदस्यहरुलाई जनाउने छ ।

छ. **परिषद** भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको केन्द्रीय कार्यकारिणी परिषदलाई जनाउने छ ।

ज. **साधारण सभा** भन्नाले क्षेत्रीय केन्द्र वा केन्द्रको साधारण सभालाई जनाउने छ ।

झ. **नियमावली** भन्नाले क्षेत्रीय केन्द्र/केन्द्र संचालन सम्वन्धि नियमावली जनाउने छ ।

## ४. सदस्यताः

क. नेपाल ईन्जिनियर्स एशोसिएसनको कुनै पनि प्रकारका सदस्यले संवन्धित क्षेत्रमा कार्यरत भएको प्रमाणीत हुने गरी क्षेत्रीय केन्द्र/केन्द्रमा निवेदन दिएमा सो सदस्य क्षेत्रीय केन्द्र/केन्द्रसंग आवद्ध हुन सक्ने छ र क्षेत्रीय केन्द्र/केन्द्रले सो को जानकारी परिषदलाई अनिवार्यरुपमा दिनु पर्नेछ ।

ख. क्षेत्रीय केन्द्र तथा केन्द्रले नेपाल ईन्जिनियर्स एशोसिएसनको नयां सदस्यताको लागी आवेदन लिन सक्नेछ र सो सदस्यता प्राप्तीको लागि सिफारिसका साथ केन्द्रीय परिषदमा पठाउनु पर्नेछ ।

ग. नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्य भईसकेका व्यक्तिहरुले सम्वन्धित क्षेत्रीय केन्द्र/केन्द्रमा तेकिएको शुल्क बुझाई आफ्नो सदस्यता नविकरण गराउन सक्नेछन । नविकृत सदस्यहरुको परिचय पत्र नविकरण प्रमाणित सम्वन्धित क्षेत्रीय केन्द्र/केन्द्रका तोकिएको व्यक्तिले गर्न सक्नेछन तर सो को जानकारी (७) दिन भित्र केन्दीय परिषदमा पठाउनु पर्नेछ ।

## ५. सदस्यता शुल्कः

क. सदस्यता शुल्कको हकमा केन्द्रीय परिषदले तोके वमाजिम हुने छ ।

ख. क्षेत्रीय केन्द्र/केन्द्रले उठाएको शुल्कको हकमा नेपाल ईन्जिनियर्स एशोशिएसनको विधानको दफा १३ (१) (च) अनुसार हुनेछ ।

## ६. साधारण सभा

**१. परिभाषा र अधिकारः**

क्षेत्रीय केन्द्र/केन्द्रका सवै सदस्यहरुको समूहलाई क्षेत्रीय केन्द्र/केन्द्रको साधारण सभा भनिनेछ र यो संवन्धित क्षेत्रीय केन्द्र/केन्द्रको सर्वोच्च अंग हुनेछ । यसले क्षेत्रीयकेन्द्र/केन्द्रको नीति निर्माण गर्न क्षेत्रीय केन्द्र/केन्द्रको समितिलाई निर्देशन दिने लगायत व्यवस्थापिकाको रुपमा काम गर्नेछ ।

**२. क्षेत्रीय केन्द्र/केन्द्रको साधारण सभाका प्रकारः**

**क) वार्षिक साधारण सभाः**

वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनु भन्दा घटीमा १५ दिन अगावै समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी सवै सदस्यहरुलाई सूचना दिनु पर्नेछ । यस्तो साधारण सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी कम्तीमा २१ दिन अगाडी घटीमा ७ जना सदस्यद्धारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए सो समेत खुलाई प्रस्तुत गर्नु पर्नेछ ।

**ख) विशेष साधारण सभाः**

कार्यकारिणी समितिले निर्णय गरेमा वा कम्तिमा २५ जना सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको ७ दिन भित्र १५ दिनको सूचना दिई परिषदले विशेष साधारण सभा वोलाउनु पर्नेछ ।

**ग) गण पुरक संख्याः**

साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको कम्तिमा एक तिहाई हुनुपर्नेछ ।

## ७. कार्यकारिणी समितिः

क. क्षेत्रीय केन्द्रको कार्य संचालन र प्रवर्धनको निम्ति नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान अनुरुप ९ सदस्यहरु भएको एक कार्यकारिणी परिषद् रहनेछ ।

सभापति १

उपसभापति १

सचिव १

उपसचिव १

कोषाध्यक्ष १

सदस्य ४

जम्मा ९ जना

ख. केन्द्रको कार्य संचालन र प्रवर्द्धनको निम्ति नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान अनुरुप ७ सदस्यहरु भएको एक कार्यकारिणी परिषद् रहनेछ ।

सभापति १

उपसभापति १

सचिव १

कोषाध्यक्ष १

सदस्य ३

जम्मा ७ जना

## ८. निर्वाचन विधिः

१. कार्यकारिणी समितिले आफ्नो कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा १ महिना अगावै ३ जनाको एक निर्वाचन उपसमिति गठन गर्नेछ ।

२. निर्वाचन समितिले गठन भएको ५ दिन भित्र निर्वाचन कार्यक्रम प्रकाशित गरी निर्वाचन प्रकृया प्रारम्भ गर्नेछ ।

३. नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्य भई सम्वद्ध क्षेत्रीय केन्द्र तथा केन्द्रमा आवद्ध सदस्यले मात्र निर्वाचनमा भागलिन पाउनेछ ।

४. निर्वाचन संवन्धि सम्पूर्ण कार्यक्रम तथा प्रकृयाहरु निर्वाचन समितिले निर्धारण गरे वमेजिम हुनेछ ।

## ९. निर्वाचन प्रक्रियाः

क) कार्यकारिणी समितिका पदाधिकारीहरु र सदस्यको निर्वाचन एशोसिएसनका क्षेत्रीय केन्द्रका सदस्यहरु मध्येवाट प्रत्येक पदका लागी एक व्यक्ति एक मताधिकारको आधारमा गोप्य मतदानद्धारा बहुमतको निर्णयवाट गरिनेछ ।

ख) निर्वाचन उपसमितिमा रहेको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

ग) आवश्यक परेको खण्डमा कार्यकारिणी समितिको निर्वाचनको मतदानका वखत केन्द्रीय परिषदबाट कम्तीमा एक जना प्रतिनिधि पर्यवेक्षकको रुपमा पठाउन सकिनेछ ।

घ) कार्यकारिणी समितिको पदाधिकारी भई एउटै पदमा लगातार तीन पटकको पदावधि पुरा गरि सकेपछि सोही पदको लागी चोथौ पदावधिका लागी निर्वाचनमा उम्मेदवार हुन पाउने छैन । तर समितिका सदस्य हुनको लागी यो वन्देज रहने छैन ।

ङ) दुई वा दूई भन्दा उम्मेदवारले एउटै पदको लागि वरावर मत पाई विजयी उम्मेदवारको घोषणा हुन नसकेमा वरावर मत पाउने त्यस्ता उम्मेदवारको विच गोला प्रथाको आधारमा निर्णय गरी विजयी उम्मेदवारको घोषणा गरिने छ ।

च) पदावधिः कार्यकारिणी समितिको पदावधि दुई वर्षको हुनेछ ।

छ) विशेष कारणवस नयां पदाधिकारीको निर्वाचन समयमै हुन नसकेमा केन्द्रीय परिषदबाट तोकिएको अवधिसम्मको लागि म्याद थप नर्ग सकिने छ ।

ज) निर्वाचन सम्पन्न भएपछि प्राप्त मत सहित सवै व्यहोरा खुलाई केन्द्रीय परिषदलाई सात दिन भित्र अनिवार्य जानकारी गराउनु पर्नेछ ।

## १०. समितिको कर्तव्य र अधिकारः

## १. कर्तव्यः

क) क्षेत्रीय केन्द्र /केन्द्र पूर्णरुपले ने.ई.ए. केन्द्रीय परिषदप्रति उत्तरदायी हुनेछ ।

ख) संस्थाको उद्देश्य प्राप्तिको लागी कार्यरत रहनेछ ।

ग) संस्थाको दैनिक कार्य संचालन गर्नेछ ।

घ) साधारण सभा प्रति पूर्ण उत्तरदायी रहनु पर्नेछ र सभाद्धारा पारित निती एवं निर्णयहरु कार्यान्वयन गर्नु पर्नेछ ।

ङ) संस्थाको समुन्नतिको लागी विभिन्न कार्यक्रम तर्जुमा, संचालन एवं कार्यान्वयन गर्नेछ ।

## २. अधिकारः

क) ने.ई.ए. को विधान तथा नियमावली अन्तरगत आवश्यक उपनियम बनाउन प्रयोग गर्न, संसोधन गर्न वा खारेजी गर्न सक्नेछ तर सो को केन्द्रीय परिषदलाई जानकारी गराउनु पर्नेछ ।

ख) कुनै विशेष कार्यक्रम संचालनन गर्न समिति वा उपसमिति गठन गर्न, पेशागत वा कार्यगत रुपमा सम्वन्धित सदस्यहरुको इकाई (सेल) गठन गर्न प्रतिनिधि चयन गर्न, वैतनिक कर्मचारी नियुक्त गर्न सक्नेछ ।

ग) संस्थाको हित तथा लाभ हुने काम गर्न सक्नेछ ।

## ३. वैठकः

समितिको वैठक साधारणतया प्रत्येक महिनाको एक पटक वस्नेछ । र विशेष परिस्थितिमा २४ घण्टाको सूचनामा पनि बैठक वस्न सक्नेछ । समितिको बैठकको लागि बहुमत सदस्यको उपस्थिति अनिवार्य हुनेछ ।

## ४. पदाधिकारीको कर्तव्य र अधिकारः

क) सभापतिः

१. समितिको प्रमुखको रुपमा संस्थालाई नेनृत्व प्रदान गर्ने ।

२. समितिको सभापतित्व गर्ने र कुनै पनि बैठक सभामा कुनै निर्णय गर्दा मत वरावर भएमा निर्णायक मत दिने ।

३. आफु र समिति विरुद्धको अविश्वासमा छलफल हुने साधारण सभामा वाहेक संस्थाका साधारण सभामा सभापतित्व गर्ने ।

४. संस्थाको उद्देश्य, कृयाकलाप, नियमावलीको आशय अनुसार काम भए नभएको रेखदेख साथै कार्यान्वयनको पूर्ण जिम्मेवारी बहन गर्ने ।

५. समितिको बैठक वालाउन निर्देशन तथा स्वीकृति दिन सक्ने ।

६. यस नियमावली तथा अन्तरगत बनेको नियम उपनियमले दिएको अधिकारको उपभोग तथा कर्तव्य पालना गर्ने ।

७. आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायीत्वको कुनै काम उपसभापतिलाई प्रत्यायोजन गर्ने ।

ख) उपसभापतिः

१. सभापतिको अनुपस्थिति वा सभापतिको पद रिक्त हुन आएमा कार्यवाहक सभापतिको रुपमा रही सभापतिको अधिकार उपभोग तथा कर्तव्यको पालना गर्ने ।

२. संस्था अत्रगतका केन्द्र, समिति, उपसमितिवाट गरिएका कार्यहरुको अनुगमन, मूल्यांकन एवं प्रगति प्रतिवेदन प्राप्त गरि सभापति एवं समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्ने ।

३. सभापतिद्धारा प्रत्यायोजित अधिकारको उपभोग एवं कर्तव्यको पालना गर्नुका साथै सभापतिलाई सहयोग पुर्‍याउने ।

ग) सचिवः

१. सभापतिको राय समेत लिई दैनिक कार्य संचालन गर्ने ।
२. साधारण सभा एवं समितिको नीति निर्देशन तथा कायक्रम कार्यान्वयन गर्ने ।
३. साधारण सभा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने ।
४. सभापतिलाई सभा हुनु अगावै संस्था संवन्धि सम्पूर्ण गतिविधिको पूर्ण जानकारी दिने ।
५. सभापतिको परामर्श एवं स्वीकृतीमा सभा वैठक आदि वोलाउने र संचालन गर्ने ।
६. समितिको बैठकको लागि प्रस्ताव सहितको सूचना समितिको सदस्यहरुलाई दिने ।
७. संस्थाका विभिन्न सभा, वैठकमा भएका आदेश तथा निर्णयहरुको माईन्युट राख्ने ।
८. सदस्यहरुको लागत राख्ने र संस्थाको तर्फवाट पत्र व्यवहार गर्ने ।
९. यस नियमावली र अर्न्तगत बनेका नियम, उपनियममा लेखिएको अधिकारको उपभोग र पालना गर्ने
१०. आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायीत्वको कुनै काम उपसचिवलाई प्रत्यायोजन गर्न सक्ने ।

घ) उपसचिवः

१. दैनिक कार्य संचालन गर्ने काममा सचिवलाई सहयोग गर्ने ।

२. सचिवको अनुपस्थितिमा वा निजको पद रिक्त हुन आएमा सचिवको यस नियमावलीद्धारा प्रदान सम्पूर्ण कार्यभार संचालन तथा अधिकारको उपभोग एवं कर्तव्यको पालना गर्ने ।

३. आफुलाई प्रत्यायोजित अधिकारको उपयोग एवं कर्तव्यको पालना गर्ने

ङ) **कोषाध्यक्षः**

१. संस्थाको चल अचल सम्पत्तीका साथै कोष तथा लेखा सम्वन्धि संपूर्ण उत्तरदायीत्व वहन गर्ने ।

२. सदस्यको दर्ता अभिलेख राख्ने र समसामयिक बनाउने ।

३. सचिवको लिखित सिफारिसमा रकम भुक्तानी गर्ने ।

४. हरेक ६ महिनामा संस्थाको वासलात समितिमा र केन्द्रीय कार्यालयका लेखाका कर्मचारीको प्रतिवेदन सहित वार्षिक कार्यक्रम समितिको परामर्शमा तर्जुमा गर्ने ।

५. यस नियमावली तथा नियमावली अर्न्तगत बनेका नियम उपनियमहरुले तोकेको अधिकारको उपयोग तथा कर्तव्य पालना गर्ने ।

च) **सदस्यः**

१. कार्यसमिति प्रति उत्तरदायी भई संस्थाको हित तथा लाभ हुने काम गर्ने ।

२. कार्यसमितिले खटाएको स्थानमा संस्थाको प्रतिनिधित्व गरि जान सक्ने ।

३. संस्थाको कार्यक्रम तथा नीति निर्माणका विषयमा कार्य समितिलाई सुझाव दिने ।

४.एशोसिएसनको वृहत्तर उद्देश्यमा सहयोग पुऱ्याउने ।

छ) पदपूर्तिः

कार्यसमितिको पदाधिकारी तथा सदस्यहरुको पदावधि माथिका उपदफा बमोजिम रिक्त हुन आएमा सो पदको वांकी अवधिको लागि निम्न अनुसार पदको पूर्ती हुनेछ ।

१. सभापतिको पद उपसभापतिबाट, सचिवको पद उपसचिववाट, उपसभापति, उपसचिव र कोषाध्यक्षको पद समितिको कुनै सदस्यबाट पद पूर्ति हुनेछ ।

२. समितिको सदस्यको पद संवन्धित क्षेत्रीयकेन्द्र/केन्द्रमा आवद्ध सदस्यहरु मध्येवाट कार्यसमितिको निर्णयबाट सहवरणद्वारा पूर्ति गर्नेछ ।

## ११. <u>अविश्वासको प्रस्तावः</u>

क) समिति वा समितिको कुनै पदाधिकारी वा सदस्यको विरुद्ध कम्तिमा क्षेत्रीय केन्द्रमा २५ र केन्द्रमा १३ जना सदस्यले कारण देखाई अविश्वासको प्रस्ताव ल्याउन सकिने छ । यसको लागि विशेष साधारण सभाको सम्पूर्ण उपस्थित सदस्यहरुको दुई तिहाईले समर्थन गरेमा मात्र उक्त अविश्वासको प्रस्ताव पारित हुनेछ । समिति विरुद्ध प्रस्ताव पारित हुनासाथ समितिको सम्पूर्ण सदस्यहरुको अधिकार स्वतः खारेज हुनेछ र सोही वैठकवाट निर्वाचन समितिको चयन गरि निर्वाचन प्रकृया अवलम्वन गरिनेछ ।

ख)	निर्वाचन सम्पन्न दफा ९ अनुसारको प्रक्रियाद्धारा गरिनेछ ।

## १२. नियमावली प्रारम्भ र संसोधनः

क) नियमावली प्रारम्भः यो नियमावली केन्द्रीय परिषदवाट स्वीकृती प्राप्त भएको मिति देखि प्रारम्भ हुनेछ ।

ख) नियमावली संशोधनः परिषदले समय समयमा अवश्यकता तथा नियमानुसार नियमावली संशोधन गर्न सक्नेछ ।

## १३. आयश्रोत र लेखा परिक्षणः

**क) आयश्रोतः**

संस्थाको आयश्रोत सदस्यता शूल्क नेपाल सरकार तथा अन्य व्यक्ति संस्था वा निकायवाट प्राप्त अनुदान, क्षेत्रीय कार्यालय तथा अन्यत्रबाट प्राप्त रकम हुनेछ ।

**ख) लेखा परिक्षणः**

१.साधारण सभाले तीन जनाको एक आन्तरिक लेखा परिक्षण समिति गठन गर्नेछ ।

२. प्रत्येक आर्थिक वर्षको आय व्यायको लेखा परिक्षण गराई सोको विवरण केन्द्रीय परिषदमा अनिवार्य रुपले पठाउनु पर्नेछ ।

ग)	प्रत्येक श्रावण १ गते देखि आगामी आषाढ मसान्त सम्म आर्थिक वर्ष मानिनेछ ।

## १४. विविधः

क) क्षेत्रीय केन्द्र तथा केन्द्रले विभिन्न किसिमको पुरस्कारको व्यवस्था गर्न सक्नेछ । प्रत्येक वर्ष क्षेत्रीय केन्द्र/केन्द्रवाट उत्कृष्ट ईन्जिनियरहरुलाई पुरस्कार प्रदान गर्न सक्नेछ । सोको निर्णय कार्यकारिणी समितिले गर्नेछ ।

ख) कार्यक्रम संयोजकलाई क्षेत्रीय केन्द्र तथा केन्द्रको समितिले कार्यक्रम सफलताका साथ सम्पन्न गरेको अवस्थामा पुरस्कार तथा प्रसंसा पत्र दिन सक्नेछ ।

ग) दफा ११ (क) अनुसार अविश्वासको प्रस्ताव सभापति विरुद्ध भएमा उपसभापति र समितिको विरुद्ध भएमा अविश्वासको प्रस्ताव उपर छलफल गर्ने सभाको वयोवृद्ध सदस्यबाट सभापतित्व हुनेछ ।

घ) हस्तान्तरणः पद समाप्त भएपछि  निवर्तमान सचिव र कोषाध्यक्षले सम्वन्धित खाता वहि, कागजात सचिवालय सम्वन्धि अन्य कागजातहरु, नव निर्वाचित महासचिव र कोषाध्यक्षलाई ७ दिन भित्र हस्तान्तरण गर्नु पर्नेछ ।

ङ) कर्मचारी व्यवस्थाः क्षेत्रीय केन्द्र/केन्द्रको कार्यकारिणी समितिले तोके वमोजिम हुनेछ ।

च) क्षेत्रीय केन्द्र/केन्द्रको कार्य सचालनको लागि आवद्ध सदस्यहरुबाट आवश्यकता अनुसार अतिरिक्त शुल्क लिन सक्नेछ ।

छ) क्षेत्रीयकेन्द्र/केन्द्र कुनै कारणवस विघटन हुन गएमा त्यस अन्तरगत भएका नगद, चल अचल सम्पत्तिहरु केन्द्रीय परिषदको हक भोग चलनमा स्वत हुनेछ ।